**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
मितिः ०२ दिसम्बर २०२५
समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- विशेष गहन पुनरीक्षण (SIR) लगाएत अन्य मुद्दामा गतिरोध जारी रहँदा संसदका दुवै सदनको कारबाही भोलिसम्मका लागि स्थगित गरिएको छ।

- पश्चिम बंगालमा आगामी वर्ष 2026 मा हुने विधानसभा चुनावको लागि लगभग 15 हजार अतिरिक्त मतदान केंद्र बनाइनेछ ।

- पश्चिम बंगालमा मतदाता सूचीको स्पेशल इंटेंसिव रिविजन (एसआईआर) लाई लिएर राजनीतिक विवाद लगातार बढिरहेको छ ।

- दार्जिलिंग जिल्लामा मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्य लगभग अन्तिम चरणमा पुगी सकेको छ।

- संसदको चालू सत्रमा दार्जिलिंगका संसद राजु बिष्टले एक प्रेस बिज्ञप्ति जारी गरेर प्रधानमन्त्री पोषण अर्थात् मध्यान्न भजन योजनाको कार्यान्वयनमाथि प्रश्न उठाएको जानकारी गराउनुभएको छ ।

**संसद-स्थगित**

विशेष गहन पुनरीक्षण (SIR) मुद्दामा गतिरोध जारी रहँदा संसदका दुवै सदनको कारबाही भोलिसम्मका लागि स्थगित गरिएको छ।SIR बारे चर्चाको विपक्षी दलको माग पछि, लोकसभाको कारबाही दुई पटक स्थगित गरियो र त्यसपछि दिनभरको लागि स्थगित गरियो।दोस्रो पटक स्थगित भएपछि दिउँसो 2 बजे लोकसभा बस्दा विपक्षी सदस्यहरू फेरि सदनको बीचमा आए र एसआईआर विरुद्ध नाराबाजी गर्न थाले।पीठासीन अधिकारीले सदन सञ्चालन गर्ने प्रयास गर्नुभयो, तर कुनै फायदा भएन । उहाँले विरोध गरिरहेका सदस्यहरूलाई सदन सञ्चालन गर्न दिन आग्रह गर्नुभयो। बारम्बार अपील गर्दा पनि विपक्षीले विरोध जारी राखे। फलस्वरूप, सदन दिनभरिको लागि स्थगित गरियो।राज्यसभामा, पहिलो स्थगन पछि दिउँसो 2 बजे सदन बस्दा, संसदीय मामिला मन्त्री किरेन रिजिजूले विपक्षी दलहरूले माग गरिरहेका चुनावी सुधारहरूमाथि छलफल गर्न सरकार तयार रहेको भन्नुभयो। सदनका विपक्षी नेता मल्लिकार्जुन खड्गेले नियम 267 अन्तर्गत प्राथमिकताको आधारमा एसआईआरको मुद्दामा छलफल गर्न सकिने बताउनु भयो। कांग्रेस, तृणमूल कांग्रेस, डीएमके र अन्य विपक्षी सांसदहरुले एसआईआरको मुद्दामा नाराबाजी शुरू गरे र वॉकआउट गरे।पछि, राज्यसभाले मणिपुर वस्तु तथा सेवा कर (दोस्रो संशोधन) विधेयक, 2025 लाई विचार र फिर्ताको लागि पेश गऱ्यो। वित्त राज्यमन्त्री पंकज चौधरीले विधेयकलाई सदनमा पेश गर्नुभयो।यसअघि मतदाता सुचीको विशेष गहन पुनरीक्षण लगायत धेरै मुद्दाहरूमा विपक्षीहरूले गरेको होहल्लाका कारण सदन दिउँसो 2 बजेसम्मका लागि स्थगित गरिएको थियो। पछि दिन भरिका लागि स्थगित गरियो।

**मतदान केंद्र- हाउसिंग कॉम्प्लेक्स**

पश्चिम बंगालमा आगामी वर्ष 2026 मा हुने विधानसभा चुनावको लागि लगभग 15 हजार अतिरिक्त मतदान केंद्र बनाइनेछ । मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालय सूत्रहरु अनुसार, यसमा अधिक्तर मतदान केंद्र निजी हाउसिंग कॉम्प्लेक्सहरु भित्र स्थापित गरिनेछ । सूत्रहरुले बताए अनुसार बर्ष 2024 को लोकसभा चुनावको अवधि राज्यमा कुल 80 हजार 681 पोलिंग बूथहरु थियो । विधानसभा चुनाव 2026 को लागि यो संख्या बढेर 95 हजार 668 हुनेछ । यस अनुसार आगामी बर्ष

राज्यमा 14 हजार 987 नयाँ मतदान केंद्रहरु जोदिनेछ। यसलाई ध्यानमा राख्दै चुनाव आयोगले जिलाधिकारिहरुलाई निर्देश पठाएको छ कि उनीहरुले ठुला-ठुला हाउसिंग कॉम्प्लेक्सहरु चिन्हित गरुन जहां अग्लो भवनहरु (हाई-राइज टावर) छन् अनि जहां मतदान केंद्र खोल्न सकिनेछ। सीईओ कार्यालयका एक अधिकारीले भन्नुभयो " यी निर्देशहरुलाई ध्यानमा राख्दै 14 हजार 987 अतिरिक्त बुथहरुको ठुलो हिस्सा यस्ता हाउसिंग कॉम्प्लेक्सहरुमानै बनाईने छ। यसमा अधिक्तर बूथ कोलकाता अनि अन्य प्रमुख जिला शहरहरुमा हुनेछ जहां यस प्रकारको हाई-राइज हाउसिंग कॉम्प्लेक्स अधिक छन्।"चुनाव आयोगको भनाई अनुसार बढ्दो जनसंख्या अनि शहरीकरणलाई ध्यानमा राख्दै हाउसिंग कॉम्प्लेक्सहरु भित्र बूथ बनाउनु मतदाताहरुलाई सुविधा दिनु अनि भीड़ प्रबंधनको लागि एक उचित कदम हुनेछ।

## एसआईआर- राजनीतिक विवाद

पश्चिम बंगालमा मतदाता सूचीको स्पेशल इंटेंसिव रिविजन (एसआईआर) लाई लिएर राजनीतिक विवाद लगातार बढिरहेको छ। यसै बीच चुनाव आयोगले स्पष्ट गरेको छ कि काम सुचारू रूपले चलिरहेको छ अनि ड्राफ्ट मतदाता सूची 16 दिसंबरमा जारी गरिनेछ। चुनाव आयोगका अनुसार आगामी सोमवार साझ सम्म प्राप्त एन्यूमरेशन फॉर्मको डिजिटाइजेशनको आधारमा अनुमान छ कि ड्राफ्ट सूचीबाट 43 लाख 30 हजार नाम हटाईनेछ।

**अधिकारिहरुले बताए अनुसार डिजिटाइजेशन पूरा भए पछि यो संख्या अझ बढ्न सक्नेछ। सूत्रहरु अनुसार, हटाईने नामहरुमा 21 लाख 45 हजार मृत मतदाता रहेका छन्। लगभग 5 लाख 50 हजार मतदाता यस्ता छन् जसलाई अहिले सम्म चिन्हित गर्न सकिएको छैन। लगभग 15 लाख 10 हजार मतदाताहरुले आफ्नो ठेकाना परिवर्तन गरिसकेका छन् जबकि लगभग एक लाख मतदाता फर्जी पाईएका छन्। चुनाव आयोगको एक अधिकारीले बताए अनुसार " केही मतदाताहरुलाई अहिले चिन्हित गर्न सकिएको छैन तर अघिल्लो जांचमा उनीहरु बारे पत्तो लाग्नेछ।"स्मरण रहोस् गत 27 अक्टूबर सम्म पश्चिम बंगालमा कुल सात करोड़ 66 लाख 37 हजार 529 पंजीकृत मतदाता थिए। यसै बीच, सत्तारूढ़ तृणमूल कांग्रेसले एसआईआर बिरुद्ध आफ्नो आंदोलन तिब्र गरेको छ। मुख्यमंत्री ममता बनर्जीले भोली तीन दिसंबरमा मालदा, चार दिसंबरमा मुर्शिदाबाद अनि नौ दिसंबरमा कोचबिहारमा रैलि गर्नुहुनेछ। यी जिल्लाहरु सीमावर्ती हुनको साथै धेरै संख्यामा अल्पसंख्यक, प्रवासी अनि विस्थापित जनसंख्या भएको क्षेत्र हो। गत सप्ताह उहाले बनगांवमा एक सभा गर्नुभएको थियो , जो शरणार्थी बहुल मतुआ इलाकामा आयोजित गरिएको थियो।गत शुक्रवार तृणमूल कांग्रेसका सांसद डेरेक ओ'ब्रायनको नेतृत्वमा एक प्रतिनिधिमंडलले दिल्लीमा मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारसित भेट गरेर आफ्नो शिकायतहरु दर्ता गराएका थिए।**

## शुभेंदु अधिकारी - आरोप

पश्चिम बंगालमा चलिरहेको एसआईआर प्रक्रिया बीच नेता प्रतिपक्ष शुभेंदु अधिकारीले आज आफ्नो एक्स अकाउंट बाट एक ऑडियो क्लिप साझा गर्दै ममता बनर्जी सरकार अनि प्रशासन माथि गंभीर आरोप लगाउनु भएको छ। एसआईआर को कारण कथित रुपमा मुख्यमंत्री ममता बनर्जी चिन्तित रहेको उहाले दावी गर्नुभएको छ। आरोप छ कि मुख्यमन्त्रीको निर्देशमा प्रशासन यो सुनिश्चित गर्नमा लागेको छ कि मृत मतदाताहरुको नाम वोटर लिस्टबाट नकाटियोस् ताकि चुनावको समय गुप्त रुपमा फर्जी मतदान गराउन सकियोस्। पोस्ट गरिएको ऑडियो क्लिपमा फलता इलाकाको एक बीएलओ को आवाज़ रहेको शुभेंदु अधिकारीले दावी गर्नुभएको छ । उहाका अनुसार, फलताको बीडीओ अनि एआरओ ले सबै बीएलओ हरुलाई फोन गरेर "डैथ सर्टिफिकेट बिना कुनै पनि मृत व्यक्तिको नाम नकाट्ने बताएका थिए।"बीएलओ को कथित आरोपहरु अनुसार धेरै परिवारहरुले मृत परिजनहरुका लागि एन्यूमरेशन फॉर्म अर्थात् गणना प्रपत्रमा आफैले घोषणा गर्दै हस्ताक्षर गरेका छन्। शुभेंदु अधिकारीले यो पनि आरोप लगाउनु भएको छ कि केहि असामाजिक ततत्व घर-घर गएर मानिसहरुलाई धमकाईरहेका छन् कि उनिहरिले बीएलओ लाई डेथ सर्टिफिकेट नदिउन् । शुभेंदु अधिकारीले यसलाई "मृत मतदाताहरुलाई वोटर सूचीमा बनाई राख्ने सड्यन्त्र बताएका छन् ।

## दार्जिलिंग जिल्ला -मतदाता सूचीको विशेष गहन पुनरीक्षण:

दार्जिलिंग जिल्लामा मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्य लगभग अन्तिम चरणमा पुगी सकेको छ। जिल्लाका सबै विधानसभा क्षेत्रहरू मिलाएर जम्मा 1,413 मतदान केंद्रहरू छन् जसमा दार्जिलिंग विधानसभा क्षेत्रमा 321 , खर्साङ्ग

विधानसभा क्षेत्रमा 292, मतिगढा-नक्सलबाढी बिधानसभा क्षेत्रमा 307 , सिलगढी विधानसभा क्षेत्रमा 245 तथा फांसीदेवामा क्षेत्रमा 243 मतदान केंद्रहरू छन्। यी सबै मतदान केंद्रहरूमा लगभग 100% इन्युमरेसन फारम (अर्थात् गणना प्रपत्र) विपरित भइरहेको अनुमान छ। जसमा 80% जति जमा भइसकेको जानकारी प्राप्त भएकोछ। कैंयन बिएलओहरूले इन्युमरेसनको काम 100% पूरा गरि सकेकोमा ERO हरूले सम्वर्धना पनि जनाएका छन्। यद्यपी इन्युमरेसन फारम भरेर जमा गर्ने मियाद 11 दिसम्बर सम्मका लागि चुनाव आयोगले बढाई दिएकोछ। SIR बारे मिरिक महकुमा अन्तर्गत ओकाईटीका एक जना व्यक्ति सपन भण्डारी जसले कैयन मानिसहरूलाई फारम भर्नमा सघाएका छन्| उनले बताए कि SIR प्रकिया आवश्यक कदम हो, देशी वैद्य सबै मतदाताको नाम सूचिमा सामेल गर्ने तथा अबैध मतदाताको नाम सूचिबाट हटाउने यस प्रक्रियाको आम जनताले सराहना गरेका छन्। उहाँ अझ भन्नु हुन्छ.....

( बाइट सपन भण्डारी)...

**निर्वाचन आयोग एसआईआर : मृत मतदाता**

निर्वाचन आयोगले एसआईआरको प्रक्रियाको क्रममा पश्चिम बंगालमा २१ लाख भन्दा बढी मृत मतदाताहरू चिन्हित गरेको छ, जसको नाम मतदाता सूचीबाट हटाउने प्रक्रिया सुरु भएको छ। आयोगले भनेको छ कि धेरै बीएलओहरूमा स्थानीय प्रशासनको दबाबको रिपोर्ट आएको छ, जसका कारण फारम अपलोड गर्न ढिलाइ भइरहेको छ। आयोगका स्रोतका अनुसार राज्यको उत्तर २४ परगनाको मतदाता सुचिमा अहिलेसम्म 2 लाख 75 हजार भन्दा अधिक मतदाताहरू मृत भेटिएका छन्, जुन निर्धारित सूचीमा सबैभन्दा अधिक हो। त्यसपछि पश्चिम बर्धमान र दक्षिण २४ परगना रहेको छ। पश्चिम बर्धमानमा 1 लाख 57 हजार र दक्षिण २४ परगनामा 1 लाख 39 हजार मृत मतदाता चिन्हित गरिएको छ ।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले जिल्ला चुनाव अधिकारीहरूलाई लेखेको पत्रमा स्पष्ट पारेका छन् कि वर्तमानमा बूथ स्तरका अधिकारीहरुले-**बी एल ओ** सित उपलब्ध सबै गणना फारमहरू आज डिजिटल गरिनेछ।भोलिदेखि, सङ्कलन गरिएका फारमहरू दैनिक आधारमा डिजिटल गर्नुपर्नेछ। BLO हरूलाई हस्तान्तरण नगरिएका फारामहरूलाई "असंकलन गर्न नसकिने" को रूपमा वर्गीकृत गरिनेछ। श्री अग्रवालले भन्नुभयो पछिलेलो चुनावमा संवेदनशील घोषित बुथहरूलाई जांचको लागि विचार गरिनेछ।साथै, निर्वाचन पंजीकरण अधिकारीहरू (ERO) लाई जन्म तथा मृत्यु रजिस्ट्रार जनरलबाट मृतक व्यक्तिहरूको डेटालाई सत्यापित गर्न निर्देश दिइएको छ।

**राजु-बिस्ट**

संसदको चालू सत्रमा दार्जिलिंगका संसद राजु बिष्टले एक प्रेस बिज्ञप्ति जारी गरेर प्रधानमन्त्री पोषण अर्थात् मध्यान्न भजन योजनाको कार्यान्वयनमाथि प्रश्न उठाएको जानकारी गराउनुभएको छ जसमा विशेष गरी दार्जीलिङ अनि कलेबुंग जिल्लाहरू माथि ध्यान केन्द्रित गरिएको छ। शिक्षा राज्यमंत्री, जयन्त चौधरी बाट प्राप्त लिखित जवाफ साझा गर्न पाउँदा मलाई खुशी लागिरहेको छ भनि उहाले बताउनुभयो । दार्जिलिङ जिल्लाको लागि जम्मा 49 कड़ोर 29 लाख अनि कलेबोंग जिल्लाको लागि कुल 28 करोड 41 लाख रुपियाँ स्वीकृत गरिएता पनि यी दुई जिल्लाहरुमा अहिलेसम्म क्रमैले 21 करोड 51 लाख अनि 26 करोड़ 51 लाख रुपियाँ मात्र खर्च गरिएको छ | हाम्रोजस्तो स्रोत–साधनबाट वञ्चित क्षेत्रमा पश्चिम बङ्गाल सरकारले हाम्रा बालबालिकाको खुवाउन स्वीकृत रकम खर्च गर्न नसकेको देखेर म स्तब्ध छु भनि उहाले बताउनुभएको छ। उहाले प्रसाशन अनि जीटीए प्रसाशन सित जारी गरिएको राशी अनि त्येसको प्रयोग माथि बिशेष ध्यान दिने आग्रह गर्नुभएको छ अनि जारी गरिएको राशिको १००% उपयोग सुनिस्चित गर्ने पनि बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा हाम्रो निर्वाचन क्षेत्रको दुर्गम भागमा पनि हाम्रा नानीहरूलाई समर्थन गर्न जारी राखेकोमा उहाले भारत सरकारलाई धन्यवाद दिनुभएको छ।

**श्रम श्री- फारम (आरोप)**

राज्य सरकारद्वारा राज्य बाहिर श्रम गरेर फर्किएका श्रमजीवीहरुलाई विशेष सहयोग प्रदान गरिने घोषणा गरिएता पनि यता जी टी ए क्षेत्रमा भने श्रम श्री-को फारम नै प्राप्त नभएको माकपा नेता तारा सुन्दासले आरोप लगाएका छन्। उक्त योजना मार्फत अन्य जिल्लामा अक्टोबर महिनादेखि राशि पाएको तर जी टी ए क्षेत्रमा योजनाको लाभ नपाएको पनि उनले आरोप लगाएका छन्।

**सिलगडी - आगलागीमा**

सिलगडी नगर निगमको 20 नंबर वार्डमा भीषण आगलागीमा तीनवटा घर पूर्णरुपमा जलेर खरानी भएको छ। घटनाको समय घरमा कोही थिएनन्।। हिज राती बागराकोट एक नंबर ज्योतिनगर कॉलोनी इलाकामा स्थानीय मानिसहरुले एउटा घरबाट धुआं आईरहेको देखे। आगो येती भयानक थियो कि हेर्दा-हेर्दै छेउ-छाउको अन्य घरहरुलाई आफ्नो चपेटमा लियो। घटनामा तीनवटा घर पूर्ण रुपमा क्षतिग्रस्त भएको छ।